# मधुवन नगरपालिकाको दशौं नगरसभामा नगर उपप्रमुख श्री अनिता चौधरीबाट प्रस्तुत भएको आ.ब. २०७९/०८० को

## प्रस्तुत बजेट तथा कार्यक्रम

# मधुवन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, बर्दिया

मिति २०७९/०३/१०

**आदरणिय नगर प्रमुखज्यू, नगरकार्यपालिकाका सदस्यज्यूहरु, नगरशभाका सदस्यज्यूहरु, कर्मचारी वर्गहरु, संचारकर्मी मित्रहरु,**

१. मधुवन नगरपालिकाको गरिमामय दशौ नगरसभामा नगर उप-प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसीयतले आ.ब. २०७९/०८० को बजेट प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा अत्यन्त गौरवाम्वित महसुस गरेको छु ।

२. यस अवसरमा म सर्बप्रथम राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता, लोकतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका लागि बलिदान हुने सम्पूर्ण ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रद्धान्जली तथा सम्मान प्रकट गर्न चाहान्छु ।मुलुकको अग्रगामी परिबर्तनका लागि भएका सबै प्रकारका आन्दोलनमा नेतृत्वदायी भुमिका खेल्ने सबै राजनीतिक अग्रज प्रति सम्मान ब्यक्त गर्न चाहन्छु । साथै सबै घाईते, बेपत्ता योद्धा एवं पीडित परिवार र नागरिक प्रति मधुवन नगर सरकारको तर्फबाट उच्च सम्मान ब्यक्त गर्न चाहन्छु । स्थानीय तह निर्वाचन २०७९ मा आफ्नो अमुल्य मत प्रदान गरि हामीलाई नगरको नेतृत्व गर्ने जिम्मेवारी प्रदान गर्नुहुने सम्पूर्ण नगरवासी आमाबुवा, दाजुभाई, दिदि बहिनिहरुमा हार्दिक आभार ब्यक्त गर्न चाहन्छु ।

३. नेपालको संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रम, दीगो विकासका लक्ष्य बमोजिम मुलुकको आर्थिक समानता, समृद्धी र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागीतामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प सहित यसै सम्मानित नगरसभाबाट स्वीकृत नगर सरकारको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु ।यसै गरी बिभिन्न राजनीतिक दल तह तप्काबाट प्राप्त सुझाव, विगतका अनुभव र सिकाई, नागरिकको चाहाना र सुझाव, निजी क्षेत्र, सहकारी क्षेत्र, स्थानिय सामुदायिक संघ सँस्था, बुद्धिजिवी, सञ्चारकर्मी लगायतका क्षेत्रहरुबाट प्राप्त रचनात्मक राय सुझावहरुलाई समेटी स्थानीय सरकार संचालन ऐन, २०७४ नगर कार्यपालिका (कार्य बिभाजन) नियमावली २०७४, नगर कार्य सम्पादन नियमावली, २०७४ मा गरिएको व्यवस्था अनुसार आ.ब. २०७९/०८० को बजेट तर्जुमा गरी यो सम्मानित सभा समक्ष पेश गरेको छु ।

४. **आत्मनिर्भर कृषि र दिगो पुर्वाधारः मधुवन नगर विकासको आधार** सहितको दुरदृष्टि (Vision) र नगरवासीलाई सर्वसुलभ, भरपर्दो, गुणस्तरिय नगरसेवा तथा सुबिधा उपलब्ध गराई नगरवासीको जीवनस्तरमा क्रमिक सुधार ल्याउने गरी गरिएको गन्तब्य (Mission) लाई मुर्तरुप दिन नगर सरकार दृढसंकल्पित रहेको छ ।

५. बजेट तर्जुमा गर्दा मैले दिगो विकास लक्षका मुल्य र मान्यता, संघ र प्रदेश सरकारले लिएका नीति तथा कार्यक्रममा आवश्यक साँझेदारी गर्दै उपलब्ध स्थानिय स्रोत र साधनको उच्चतम उपभोग गर्नु पर्ने मान्यतालाई जोड दिएको छु । नेपालको संबिधानमा उल्लेखित स्थानिय तहको अधिकार सूचि सार्वजनिक सेवा प्रबाहमा नगर सरकारको भुमिका र सञ्चालित विकास आयोजनाहरुको कार्यान्वयनको

अवस्थालाई ध्यानमा राख्दै चालु आर्थिक बर्षका कार्यक्रमहरुलाई आवश्यक्ता अनुरुप परिमार्जन संसोधन र निरन्तरता दिदै अब्बल गतिशिल र लगानीमैत्री नगरपालिकाको पहिचान स्थापित हुने गरी बजेट बिनियोजन गरेको छु ।

६. वितिय संघियता अनरुप संघिय सरकार, प्रदेश सरकार तथा अन्य बिभिन्न निकायबाट प्रप्त हुने अनुदान र राजश्वलाई प्राथमिकरण गरी बजेटका प्राथमिक्ता र उदेश्य हासिल हुने कार्यक्रमहरुमा लगानी केन्द्रित गरेको छु । यो लगानीबाट उत्पादन र उत्पादकत्व बृद्धि, गरिबी न्यूनिकरण र रोजगारी तथा स्वरोजगारका अवसरमा बृद्धि गर्दै समग्र नगरको विकास र समृद्धिका प्रमुख लक्ष हासिल हुने अपेक्षा गरिएको छ ।

७. मधुवन नगरपालिकाको आगामी आ.ब. २०७९/०८० को वजेट तर्जुमा गर्दा मैले जनआकाङ्क्षा र जनताको आवश्यक्ता अनुसार सबै भौगोलिक क्षेत्रहरुलाई समेटिने गरी सामाजिक रुपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेशी, थारु, अल्पसंखक, अपाङ्गता भएका व्यक्ति, मुस्लिम, सुकुम्बासी, मुक्तकमैया, बालबालिका, ज्येष्ठ नागरिक, पिछडा वर्ग, आर्थिक रुपले विपन्न खस, आर्य लगायत सवैलाई समावेशी सिद्धान्तका आधारमा सम्बोधन गर्ने प्रयास गरेको छु ।

८. यस बजेटमा नगर सरकारको क्षेत्राधिकार भित्रका कर तथा गैरकर र राजश्व परिचालन र ब्यवस्थापनलाई प्राथमिक्तामा राखिएको छ । निर्धारित समयमै विकास आयोजनाको नतिजामुलक कार्यान्वयन गर्नको लागि क्रमागत आयोजनाहरुलाई यथासक्य छिटो सम्पन्न गर्ने गरी आवश्यक्ता अनुसार बजेटको ब्यवस्था गरेको छु । साथै अनुत्पादक तथा अनावस्यक खर्च घटाउने, पुजिगत बजेटको अंस बढाउने र चालु खर्चमा मितब्ययिता ल्याउने गरी बजेट ब्यवस्था गरेको छु ।

**सभाका आदरणीय अध्यक्षज्यू**

९- आगामि आ.ब. २०७९/०८० को बजेट देहायका उदेश्य प्राप्तीमा केन्द्रित रहनेछ । **समृद्ध नगर सुखि नगरबासी** भन्ने लक्ष राखी उक्त लक्ष हासिल गर्ने बलियो आधार तयार गर्नु यस बजेटको मुल उदेश्य रहनेछ भने अन्य उदेश्यहरु देहायअनुसार रहेकाछन ।

- यस नगरपालिकालाई प्राप्त हुने स्रोत साधनको उच्चतम उपयोग गरि नगर क्षेत्रको आर्थिक, सामाजिक र भौतिक विकास गर्ने ।
- नेपालको संबिधानले व्यवस्था गरेका हक अधिकारहरुको अधिकतम प्रत्याभूति हुने वातावारणको सिर्जना गर्ने |
- पछाडि पारिएका वर्ग, लिङ्ग, जातजातिको सचेतना बृदि गर्दै सिपमुलक तथा आयमुलक कार्यक्रमहरु संचालनगरी जीवनस्तर उकास्ने |
- सार्बजनिक जग्गा, बाटो, तालतलैया, उद्यान, पार्क, वन-जंगल नदि खोलानाला आदिको संरक्षण गरिपर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने |
- नगर भित्रका मासुपसल, बधसाला तरकारी तथा हाटबजारलाई व्यवस्थित गरी स्वच्छ उपभोग्य बस्तुको आपूर्ति गर्ने |

- सार्बजनिक विद्यालयको स्तरोन्नती गरि शिक्षालाई गुणस्तरीय निशुल्क बनाउदै प्रतिस्पर्धी र व्यवसायिक तथा दक्ष प्राबिधिक युवा उत्पादन केन्द्रको रुपमा बिकास गर्ने |
- सरसफाई र फोहोरमैला व्यवस्थापन तथा ल्यान्डफिल्ड साइटलाई थप व्यवस्थित गर्दै सफा , स्वच्छ र सुन्दर' मधुवन नगर निर्माण गर्ने |
- कृषि, पशु पालनलाई व्यवसायिक तथा सम्मानित पेशाको रुपमा बिकास गर्दै गरिबी निवारणको मुख्य आधार स्तम्भको रुपमा विकास गर्ने ।

१०- यस बजेटका प्राथमित्ताहरु देहाय अनुसार रहेका छन ।

- गुणस्तरिय भौतिक पुर्बाधार निर्माणको माध्यमबाट नगरको मुहार फेर्ने ।
- शैक्षिक क्षेत्रमा लगानी बढाई बालबालिकाको भविष्य सुनिस्चित गर्ने ।
- नागरिकको गुणस्तरिय स्वास्थ्य सेवाका लागि लगानी बढाउने ।
- कृषि तथा पशुपालन मा आत्मनिर्भर हुदै पर्टन, उद्योगको माध्यमबाट रोगजारीको सृजना गर्ने ।

११- नगर सरकारले बजेटका उदेश्यहरु हासिल गर्न र प्राथमित्ता कार्यान्वयन गर्न संघिय सरकार र प्रदेश सरकारसँग सह-अस्तित्व, समन्वय र साँझेदारी गर्नेछ । नगरमा उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न सहकारी र निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतामा राखिनेछ ।

**आदरणीय अध्यक्षज्यू,**

१२- अब म आ.ब. २०७८/०७९ को आम्दानी र खर्च बिवरण प्रस्तुत गर्न चाहन्छु ।

क- आ.ब. २०७८/७९ मा ८२ करोड ८१ लाख ९१ हजार बजेट प्रस्तुत गरिएको थियो । जसमध्ये चालु तर्फ **रु ४९ करोड ५० लाख** र **पुजिगत तर्फ रु ३३** करोड ३१ लाख ३० हजार खर्च अनुमान रहेको थियो ।

ख- नगरसभाबाट स्वीकृत बजेट अनुसार चालु आ.ब.को जेष्ठ मसान्त सम्म चालु तर्फ **रु ४१** करोड २९ लाख ७४ हजार ७१९ र **पुजिगत तर्फ रु १२** करोड ३५ लाख ८८ हजार २६३ खर्च भएको छ ।जुन कुल अनुमानको चालु तर्फ रु ८३.४२ प्रतिशत खर्च भएको छ भने पुजिगत तर्फ ३७.०९९ प्रतिशत खर्च भएको छ ।

ग- आ.ब.२०७८/०७९ मा आन्तरिक राजश्व परिचालन तर्फ रु ६ करोड २५ लाख लक्ष राखिएकोमा चालु आ.ब. को जेष्ठ मसान्त सम्म रु ३ करोड ७७ लाख ६ हजार ६४७ राजश्व परिचालन भएको छ ।जुन कुल राजश्व अनुमानको ५८.८४ प्रतिशत हुन आउछ ।

यस सम्बन्धि बिस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ ।

**आदरणिय सभाध्यक्षज्यू,**

१३- माथि उल्लेखित उदेश्य र प्राथमित्का पुरा गर्न अब म आगामि आ.ब. २०७९/०८० का लागि मधुवन नगरपालिकाको आम्दानीका श्रोतहरुको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

क- आन्तरिक राजश्व तर्फ ६ करोड चारलाख पचास हजार आम्दानी हुने लक्ष राखिएको छ ।

ख- अन्तर सरकारी बितिय हस्तान्तरणका माध्यमबाट संघ प्रदेश सरकारबाट रु ३३ करोड ६५ लाल ७६ हजार प्राप्त हुने लक्ष लिईएको छ ।

ग- चालु आ.ब. का लागि विनियोजन भई मौजदात रहने रकम रु ९ करोड रकम बाँकि रहने अनुमान गरिएको छ ।

घ- यसरी मधुवन नगरपालिकाको आ.ब. २०७९/०८० का लागि कुल बजेट रु १ अरब ५ करोड ६८ लाख २८ हजार अनुमान गरिएको छ । जसमा चालु तर्फ **रु ७३ करोड १६ लाख** र **पुजिगत तर्फ रु ३२** करोड ५३ लाख २८ हजार खर्च हुने अनुमान गरिएको छ ।

**यसको बिस्तृत विवरण अनुसूची १ मै समाबेस गरेको छु ।**

१४-माथि उल्लेखित लक्ष्य र उद्धेश्यहरु हासिल गर्न देहाय अनुसारको बिषयक्षेत्रगत बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## भौतिक पुर्वाधार तथा शहरी विकासः

भौतिक विकास तथा सहरी विकास तर्फ देहाय अनुसारका मुख्य कृयाकलापहरु समेटिने गरी बजेटको ब्यवस्था गरेको छु।

- नगरपालिका परिसरको सैन्दर्यता बढाउन, परिसरलाई वातावरण मैत्री बनाउन पार्क निर्माणका लागि  रु २० लाख बिनियोजन गरेको छु ।
- बिभिन्न सडकहरु कालोपत्रे तथा ग्राभेल गरी नागरिको आवागमनमा सजिलो गराउन वडा न ६ कार्यालय अगाडीको सडक कालोपत्रे गर्न रु २० लाख, वडा न. १ को बहादुरपुर गाँउमा सडक कालोपत्रे गर्न रु २५ लाख, वडा न. ३ को वडा कार्यालय जाने बाटो कालोपत्रे गर्न रु ५ लाख बिनियोजन गरेको छु । साथै वडा न. ५ र ६ को सिमा सडक ग्राभेल गर्न रु १० लाख बिनियोजन गरेको छु ।
- बत्तिको भोल्टेज नपुगेर मधुवन बासिले भोग्दै आएको समस्याहरुलाई न्युनिकरण गर्न वडा न. ५ को गाँउ न. ९ र १० मा २ थान ५० केभिएको ट्रान्सफर जडान मा रु १०

लाख, वडा न ८ मा १०० केभिएको ट्रान्सफर जडान कार्यका लागि रु ८ लाख बिनियोजन गरेको छु ।

- वडा न. ७ र ९ का बिभिन्न आयोजनाहरु सञ्चालनका लागि रु ३० लाख बिनियोजन गरेको छु ।
- बन्यजन्तुबाट झेल्दै आएको समस्यालाई न्युनिकरण गर्न वडा न. २ को कोठियागाँउमा तारबार निर्माणका लागि रु १३ लाख बिनियोजन गरेकोछु ।
- बिभिन्न आयोजनाहरु वडा न. ४ को माचडचोक बजारको नाला निर्माणमा रु १५ लाख, ई.प्र.का. ढोढरी टहरो निर्माण रु ४ लाख, कुसुम्बाबजार हाँट बजारमा सौचालय निर्माणमा रु ५ लाख, वडा न .३ कोठियाघाटमा टहरो निर्माण रु १० लाख र फर्निचर तथा फिक्सिङमा रु १० लाख बिनियोजन गरेको छु ।
- बिभिन्न मठमन्दिर, गुम्बा, चर्च निर्माण सहयोगका लागि रु १० लाख र बिजयकालिका मन्दिर परिसरमा भगवतीको मन्दिर निर्माणका लागि रु ५ लाख बिनियोजन गरेको छु ।

माथि उल्लेखित कार्यक्रमका अतिरिक्त आगामी आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा भौतिक पुर्वाधार तथा शहरी विकास शाखालाई रु २ करोड बजेट बिनियोजन गरेको छु ।

## शिक्षा युवा तथा खेलकुद

शिक्षा युवा तथा खेलकुद विकास तर्फ देहाय अनुसारका मुख्य कृयाकलापहरु समेटिने गरी बजेटको ब्यवस्था गरेको छु।

- आगामी आर्थिक वर्षदेखी वालविकास देखी कक्षा १० सम्म नि:शुल्क पठनपाठनको व्यवस्था मिलाईनेछ जसको लागी आवश्यक शिक्षकको तलव, विद्युत, परीक्षा, खानेपानी लगायत अन्य मसलन्द खर्चको लागि रु एक करोड बिनियोजन गरेको छु ।
- नगर भित्रका असाहाय, अनाथ बालबालिकाहरुलाई निशुल्क आवास र अध्ययनको ब्यवस्थापनलाई थप प्रभावकारी बनाउन सरस्वती आ.बि. पत्थरबोझीमा रु सात लाख बिनियोजन गरेको छु |
- कक्षा ११ , १२र क्याम्पसमा अध्ययनरत गरीव, जेहेन्दार तथा अपाङ्गता भएका विद्यार्थीका लागी छात्रवृतीको व्यवस्थापन गर्न आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।
- नगरशिक्षा प्रोफाइल निर्माण, योजना निर्माण स्थानिय पाठ्यक्रमको सन्दर्भ सामाग्रीको निर्माण र छपाईका लागि रु पाँच लाख नब्बे हजार बिनियोजन गरेको छु ।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनेटरी प्याड र वालविकास देखि कक्षा ६ सम्म दिवा खाजा व्यवस्थाको निरन्तरता दिइएको छ ।

- बालबिकास सहजकर्ता र  शिक्षकहरुको क्षमता विकासका लागी तालिम प्रदान गर्न रु पाँच लाख बिनियोजन गरेको छु ।
- विद्यालय कर्मचारी, प्र.अ. लाई IEMIS सम्बन्धी अभिमुखिकरण तालिम प्रदान गर्न रु पैचालिस हजार बिनियोजन गरेको छु ।
- विद्यालयमा विभिन्न खेलकुद लगायत अन्य अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थीको अर्न्तनिहीत प्रतिभाको प्रस्फुटन गराउन आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।
- संस्थागत र सामुदायिक विद्यालय विचको दुरी कम गर्न सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमलाई प्रोत्साहन गरी वालविकास देखी ५ कक्षा सम्म नि:शुल्क पाठ्यपुस्तक र अन्य व्यवस्थापनमा सहयोग का लागि रु पच्चिसलाख बिनियोजन गरेको छु ।
- नगर शिक्षक, स्वयमसेवक शिक्षकको तलब भत्ता र बालविकास सहजकर्ता विद्यालय कर्मचारीहरुलाई प्रोत्साहन अनुदान लाई निरन्तरता दिन रु दुई करोड नब्बे लाख नौ हजार बिनियोजन गरेको छु ।
- विद्यालयको भौतिक विस्तार तथा निर्माण र मर्मत कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेटको प्रबन्ध गरिएको छ ।
- नगरस्तरिय नीति र योजना निर्माण र छपाईका लागि रु १ लाख ९२ हजार बिनियोजन गरेको छु ।
- नगरस्तरीय शैक्षिक समारोह सञ्चालन गरी उत्कृष्ट विद्यार्थी तथा अवकाश प्राप्त शिक्षकहरु लाई सम्मान र अतिरिक्त कृयाकलापका लागि एक लाख बिस हजार विनियोजन गरेको छु ।
- प्राबिधिक शिक्षामा स्नातक अध्ययनका लागि आर्थिक रुपले बिपन्न र जेहेन्दार बिद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिएकोछ |
- खेलकुद विकासमा युवाहरुलाई अभिप्रेरित गरी बढि भन्दा बढि युवालाई सरिक गराउन  सबै प्रकारका खेलहरुलाई प्रोत्साहित गरिने छ । यस नगर क्षेत्रबाट राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा सहभागिता जनाई पदक प्राप्त गर्ने खेलाडीहरुलाई सम्मान आवश्यक बजेटको ब्यवस्था गरेको छु ।
- युवालाई विभिन्न खेलकुदमा सहभागी गराई अनुशासित र स्वस्थ नागरिक उत्पादन गरी राष्ट्रिय स्तरमा पुराउन वड तथा नगर स्तरबाट आवश्यक बजेटको प्रबन्ध गरेको छु ।
- बिद्यालयमा  पि.टि. योगाका लागि रु एक लाख बिनियोजन गरेको छु ।

माथि उल्लेखित कार्यक्रमका अतिरिक्त आगामी आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा शिक्षा युवा तथा खेलकुद शाखालाई रु ४ करोड ५० लाख बजेट बिनियोजन गरेको छु ।

**स्वास्थ्यः**

स्वास्थ्य सेवा तर्फ आ.ब.२०७८/०८९ को हाल सम्म ससर्त तर्फ ५०.६९ प्रतिशत र निसर्त तर्फ ७६.२५ प्रतिशत खर्च भएको देखिन्छ । जसमा देहाय बमोजिम मुख्य मुख्य उपलब्धि हासिल भएका छन ।

क- १५ बेड कोभिड अस्पताल सञ्चालनमा ल्याई डाक्टर लगायत जनशक्ति परिपुर्ती गरिएको ।

ख- कोभिड अस्पतालबाट कोभिड नियन्त्रण, रोकथाम र उपचारकालागि कार्य गरिएको ।

ग- स्वास्थ्य सम्बन्धि घुम्ति शिविर सञ्चालन गरिएको जसमा ९० जनालाई ईनप्लाण्ट सेवा ३४६ जनालाई भि.आई.ए. सेवा उपलब्ध गराईएको ।

घ- बिभिन्न चरणमा बिभिन्न किसिमका कोभिड १९ बिरुद्धको खोपहरु सञ्चालन गरिएको जसमा ३८१९३ जनालाई पहिलो मात्रा, ३३८८७ जनालाई दोस्रो मात्रा र १७७८६ जनालाई बुष्टर मात्रा प्रदान गरिएको ।

ङ- घरदैलो सुत्केरी सेवा कार्यान्वयनमा ल्याईएको जसमा ५१३ जना सुत्केरीलाई घर दैलोमा नर्सिङ कर्मचारीबाट सेवा प्रदान गरिएको ।

च- वडा न.९ र वड न. २ मा मलेरिया, डेङ्गु जस्ता किट जन्य रोग नियन्त्रणको लागि औषधी छर्कने कार्यक्रम गरिएको ।

छ- ७८७ जनाको क्यू.आर. कोड प्रमाणित गरिएको ।

ज- आधारभुत औषधीहरुको ब्यवस्थापन गरी स्वास्थ्य सँस्थाहरुबाट निःशुल्क बितरण भईरहेको ।

झ- तथ्याङ्कलाई गुणस्तरीय र भरपर्दो बनाउन प्रत्येक महिना मासिक समिक्षा बैठक हुदे गरेको र साथसाथै अर्धबार्षक समिक्षा हुने गरेको ।

ञ- स्वास्थ्यकर्मी र महिला स्वयमसेविका द्वारा घरधुरी सर्बेक्षण गरी पुर्ण खोप सुनिश्चितता कायम गरिएको ।

ट- स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयमसेविकाहरुको क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिएको ।

ठ- स्वास्थ्य सँस्थाहरुको प्रतिबेदनलाई प्रबिधि मैत्री बनाईएको ।

ड- स्वास्थ्य ऐन नीति र कार्यबिधि निर्माण गरिएको ।

ढ- मधुवन २ मा नागरिक आरोग्य केन्द्र सञ्चालनमा ल्याईएको ।

उपरोक्त उपलब्धि हुदाहुदै पनि तपशिल चुनौतिहरु रहदै आएका छन ।

क- संघिय सरकारबाट निर्देशिका ढिलो प्राप्त हुनु ।

ख- निर्देशिका अस्पष्ट रहनु ।

ग- कतिपय कार्यक्रमहरु प्रदेश स्वास्थ्य कार्यालय र स्थानिय तह सँग सम्बन्धित रहनु ।

घ- कोभिड १९ को प्रभाव पर्नु ।

स्वास्थ्य सेवा तर्फ देहाय अनुसारका मुख्य कृयाकलापहरु समेटिने गरी बजेटको ब्यवस्था गरेको छु ।

- मानब पुँजिको बिकास र दिर्घ कुपोषणलाई न्युनिकरण गर्न १००० दिनभित्रको आमा र बच्चाहरुको लागी पोषण सम्बन्धी कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु |
- कुनै पनि कारणले गर्भाबस्था ,प्रशब तथा सुत्केरी अबस्थामा मातृ तथा नवजात शिशुको मृत्यु नहोस भन्ने उद्धेश्यले सुरक्षित मातृत्व अन्तरगत मातृ तथा नवजात शिशु स्याहार कार्यक्रममा रु चार लाख पचास हजार बिनियोजन गरेको छु ।
- गर्भाबस्था ,प्रशब अवस्था र सुत्केरी अवस्थामा कुनै जटिलता भई नगरपालिका बाहिर वा जिल्ला बाहिर प्रेषण गर्नु पर्ने अबस्था सृजना भएमा निशुल्क एम्बुलेन्सको ब्यबस्था गरिनुको साथै अन्य बिरामीको हकमा नगरबासिको हितलाई ध्यानमा राख्दै एम्बुलेन्स सेवा शुल्कमा उपलब्ध गराईएको २५प्रतिशत छुटदिने ब्यबस्था कायमै राख्न आवश्यक बजेटको ब्यवस्था मिलाएको छु ।
- सुत्केरी पश्चात हुन सक्ने जटिलताहरुलाई न्युन गरी मातृ मृत्युबाट बचाउन घरदैलो सुत्केरी सेबा कार्यक्रलाई निरन्तरता दिईएको छ उक्त कार्यक्रमको लागि रु पाँच लाख चालिस हजार बिनियोजन गरेको छु ।
- खोप बालबालिकाहरुको नैसर्गिक अधिकार हो तसर्थ कुनै बच्चाहरु खोप लिनबाट नछुटोस वा बंचित नहोस् भनेर प्रत्येक बर्ष सबै वडाहरुमा घरधुरी सर्बेक्षण गरी पुर्ण खोप सुनिश्चितता तथा दिगोपना कायम गर्न रु एक लाख पचास हजार बिनियोजन गरेको छु ।
- जेष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा महिलाहरुको लागी बिशेषज्ञ स्वास्थ्य शिबिरहरु लगायत घुम्ति शिबिरहरु संचालन गर्न आवश्यक बजेटको ब्यवस्था मिलाएको छु ।
- बालबिबाह, लागु औषध दुर्व्यसन न्युनिकरण र प्रजनन् स्वास्थ्य अधिकार बारे सचेतना अभिबृद्धि गर्न माध्यामिक बिध्यालयहरुमा स्वास्थ्यकर्मिहरुबाट कक्षा लिईने ब्यबस्था गरिएको छ जसका लागि रु अठार हजार बिनियोजन गरेको छु ।
- क्यान्सर ,मधुमेह, मुटु रोग ,मृगौला रोग जस्ता नसर्ने रोगहरु मानसिक समस्या सुर्तिजन्यबस्तुको प्रयोग लागु पदार्थ दुर्व्यसन लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहीत गरी स्वस्थ्यकर जीवन यापन गर्न र प्रबद्धन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाईएको छ ।

- सुरक्षित मातृत्व, बाल स्वास्थ्य ,खोप ,पोषण ,क्षय ,कुष्ठ ,औलो ,परिबार नियोजन लगाषतका प्रतिकारात्मक प्रबद्धनात्मक तथा उपचारात्मक स्वास्थ्य सेबालाई जनताको सहज पहुचमा पुर्याउन आवश्यक प्रबन्ध मिलाईएको छ ।
- न्युनतम सेबा मापदण्ड तथा राष्ट्रिय चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेबा प्रबाहका लागी आबश्यक औषधी उपकरण तथा सामाग्री खरिद कार्यक्रममा रु एघार लाख पच्चिस हजार पाँच सय बिनियोजन गरेको छु ।
- निर्माणाधीन अस्पताल निर्माण कार्यलाई, निरन्तता दिईनेछ । साथै स्वास्थ्य चौकीहरुलाई स्तरउन्नति गर्न पहल गरिनेछ।सबै स्वास्थ्य चौकीलाई किशोरकिशोरी मैत्री बनाईनेछ। स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्रबाट प्रदान गरिदै आएका स्वास्थ्य सेबाहरुलाई थप गुणस्तरीय बनाउन आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।
- जोखिममा रहेका र बंचितिमा परेका जनताको स्वास्थ्य सम्बन्धी बिशेष आबश्यकता पुरा गरी उनिहरुको स्वास्थ्य सेबा माथिको समतायुक्त पहुच एबं उपयोग सुनिश्चित गर्न लक्षित कार्यक्रम का लागि आवश्यक ब्यवस्था मिलाएको छु ।
- स्वास्थ्य सुचना प्रणाली तथा आपुर्ति ब्यबस्थापनलाई थप ब्यबस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थाहरुबाटै अनलाईन माध्यामबाट प्रतिबेदन गर्ने ब्यबस्था मिलाउनुको साथै समिक्षा प्रणालीलाई थप ब्यबस्थित गर्न आवश्यक ब्यवस्था मिलाएको छु ।
- महिला स्वास्थ्य स्वयंसेबिकालाई सम्मानजनक विदाई (**सुनौलो अबकास योजना**) को लागी रु सत्तरी हजार बिनियोजन गरेको छु ।
- स्वास्थ्य चौकिको प्रयोगशालाबाट हुने गरिएका परिक्षणलाई क्रमशः निशुल्क गर्दै जाने प्रबन्ध मिलाईएको छ ।
- नागरिक आरोग्य केन्द्रको लागि रु १२ लाख बिनियोजन गरेको छु ।
- संघिय सरकारबाट नियुक्त कर्मचारीहरुलाई प्रोत्साहन गर्नका लागि १५ प्रतिशत तलब बृद्धि भएको हुदा नगरपालिकाबाट स्वास्थ्य शाखा अन्तरगत करारमा नियुक्त भएका कर्मचारीहरुलाई प्रोत्साहन गर्न खाईपाई आएको तलब मानमा १५ प्रतिशत नै बृद्धि गरी तलब भत्तामा समायोजन गरेको छु ।

माथि उल्लेखित कार्यक्रमका अतिरिक्त आगामी आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा स्वास्थ्य शाखालाई रु १ करोड ७० लाख बजेट बिनियोजन गरेको छु ।

## पशु सेवाः

पशु सेवा तर्फ देहाय अनुसारका मुख्य कृयाकलापहरु समेटिने गरी बजेटको ब्यवस्था गरेको छु।

"ब्यवशायिक कृषि तथा पशुपन्छी पालनमा अनुदान, कृषिमा आत्मनिर्भर मधुवनको अभियान"

- पशुपालन ब्यवशायलाई ब्यवशायिकरण, आधुनिकिकरण, बिबिधिकरण, बजारीकरण र यान्त्रिकीकरण गरी आयात प्रतिस्थापन गर्ने, आत्मनिर्भर हुदै निर्यातको दर बढाउने, रोजगारी स्थापना गर्ने, गरिवि निवारणको मुख्य स्तम्भको रुपमा लिदै सम्मानित पेशाको रुपमा विकास गर्न आवश्यक बजेटको प्रबन्ध मिलाईएको छ ।
- वडा वडामा प्राबिधिक घरघरमा सेवा कार्यक्रमलाई थप प्रभावकारी र ससक्त बनाउन रु १० लाख ७७ हजार बिनियोजन गरेको छु ।
- समूह आयआर्जन कार्यक्रम मार्फत नयाँ पशुपालन पकेट क्षेत्रको स्थापना गरी पशुपन्छी श्रोतकेन्द्रको रुपमा विकास गर्ने साथै पशुपन्छी तथा पशुपन्छी जन्य बस्तु दुध, फुल, मासुको उत्पादनमा थप बृद्धि गर्न रु ९ लाख बिनियोजन गरेको छु ।
- ब्यवसायिक पशुपालन क्षेत्रमा युवाको आकर्षण बढाउन, पुराना फार्मको सुरक्षा तथा नयाँ फार्मको स्थापना र विस्तारमा उत्प्रेरित गर्न नगर प्रमुख युवा लक्षित फार्म प्रबर्द्धन कार्यक्रम लाई (बाख्रा, गाइ/भैसी, बंगुर, माछा) निरन्तरता दिएको छ ।युवा लक्षित फार्म प्रबर्द्धन कार्यक्रममा रु १० लाख २५ हजार बिनियोजन गरेको छु ।
- पशुपन्छीमा फैलिने बिभिन्न रोगहरुको उपचारकालागि उपचार सेवा को विस्तार गर्न पशु स्वास्थ्य सेवा गाँउघर क्लीनिक तथा शिविर सेवा कार्यक्रमको निरन्तरता दिईएको छ उक्त कार्यका लागि रु ४ लाख ७५ हजार बिनियोजन गरेको छु ।
- पशु आहारामा सुधार गर्न तथा उत्पादन लागत कम गराउन मिनरल ब्लकको प्रयोग, स्थानिय स्तरमा दाना बनाई प्रयोग गराउने, घाँस खेती, घाँसको श्रोत केन्द्र विस्तार जस्ता कार्यक्रमको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्न रु ९ लाख २० हजार बिनियोजन गरेको छु ।
- कृषि तथा पशुपन्छी जन्य वस्तुको सिमापार खुला आयात निरुत्साहित गर्न पारिको हैन बारीको नीति लिई स्थानिय उत्पादनलाई प्रोत्साहन गरिनेछ । जसका लागि स्थानिय बजार, हाँट बजार, माछा,मासु पसल लगायतमा स्थानिय उत्पादनलाई प्राथमिक्ता दिन निर्देशिका बनाई कार्यान्वन गर्न आवश्यक बजेटको ब्यवस्था मिलाएको छु ।
- पशुपन्छी मृत्यु दर न्युन गर्न, कृषकको पशुधन सुरक्षा गर्न उपचार तथा प्रयोगशाला सेवालाई थप प्रभावकारी बनाउनुका साथै पशु विमामा अनुदान कार्यक्रम थप प्रभावकारी बनाई निरन्तरता दिईएको छ उक्त कार्यक्रममा औषधी खरिद, पशु विमा अनुदान लगायतका कार्यमा रु २३ लाख छयासी हजार विनियोजन गरेको छु ।
- पशु स्वास्थ्य तथा अन्य पशु सेवाका कार्यक्रमहरुलाई सबैको पहुचमा पुगाउने उदेश्यले पशु सेवा केन्द्र ढोढरी, पशु सेवा केन्द्र ओराली, वडा न. १, ५,६,८,९मा स्थापना भई सेवा समेत सञ्चालन भैरहेकोले थप प्रभावकारी बनाउन उक्त सेवा केन्द्रहरुको क्षमता अभिबृद्धि गर्न आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।
- सामुदायिक गाईबस्तुको ब्यवस्थापनका लागि आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।
- पशुपन्छीबाट मानब स्वास्थ्यमा पर्ने असरलाई मध्य नजर गर्दै बिभिन्न जनचेतना मुलक कार्यक्रम, सुधारका कार्यक्रम, कृषकको दैनिकी सजिलो बनाउन यान्त्रिकरण कार्यक्रम कृषक तालिमका लागि रु ५ लाख ७० हजार बिनियोजन गरेको छु ।

- पशुपन्छी पालन क्षेत्रमा आई पर्ने बिभिन्न बेथिति, कालाबजारी र अन्य समस्याहरुलाई न्युनिकरण गर्न बजार अनुगमन तथा नियमन कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।
- पशुपालन ब्यवशायबाट राम्रो उत्पादन तथा आम्दानी लिन उन्नत पशु पालन, कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।
- संघिय सरकारबाट सञ्चालन भएको एक गाँउ एक प्राबिधिक कार्यक्रमलाई निरन्तरता दिदै थप प्रभावकारी हुने गरी आवश्यक साँझेदारी का लागि रु २ लाख पचास हजार बिनियोजन गरेको छु ।
- पशु तथा पशुपन्छी जन्य उत्पादन बजारीकरणका लागि दुग्ध सहकारी तथा अन्य सहकारी, निजी डेरी, बुजड खाना तथा मासु पसल, कोल्ड स्टोर र अन्य निर्यातकर्ता लाई समन्वय, सहजीकरण तथा प्रोत्साहन कार्यक्रमका लागि रु २ लाख बिनियोजन गरेको छु ।
- ब्रोईलर कुखुरा पालनमा हुने अत्यधित उत्पादन लागत कम गर्न चल्ला अनुदान कार्यक्रम लागु गरी विमाको प्रबन्ध मिलाउन आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।
- बिभिन्न समयमा पशुपन्छीमा फैलन सक्ने महामारी तथा अन्य रोग नियन्त्रण गर्न खोप सेवा कार्यक्रमका लागि रु ३ लाख ११ हजार बिनियोजन गरेको छु ।

माथि उल्लेखित कार्यक्रमका अतिरिक्त आगामी आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा पशु सेवा शाखालाई रु १ करोड बजेट बिनियोजन गरेको छु ।

## कृषि सेवाः

कृषि सेवा तर्फ देहाय अनुसारका मुख्य कृयाकलापहरु समेटिने गरी बजेटको ब्यवस्था गरेको छु ।

- स्थानिय, प्रदेश र संघिय सरकारको सहकार्यमा नगरपालिकाको दिगो कृषि विकास गर्नका लागी खाद्यान्न ,दलहन तेलहन ,आलु तरकारी तथा मसला बालीको उत्पादन क्षेत्र पहिचान गरी कृषक समूह ,सहकारी, नीजि क्षेत्र सँगको सहकार्यमा पकेट ब्लक विकास कार्यक्रम संचालन तथा निरन्तरताका लागी आवश्यक बजेटको प्रवन्ध मिलाएको छु ।

- कृषि प्रसार तथा प्रविधि विस्तारका लागि कृषकको खेतबारी सम्म सहज पहुँच गर्ने उद्धेश्यका साथ सबै वडाहरुमा निशुल्क प्राविधिक सेवा प्रदान गरिने व्यवस्था गरेको छु जसकालागी संघिय सरकार संग प्राविधिकको तलब भत्तामा रु. **१७ लाख १८ हजार १ सय ६० रुपैया** साझेदारीका लागी विनियोजन गरेको छु ।

- पढेर भन्दा अरुले गरेको असल कृषि अभ्यास अनुसरण गर्न कृषि कार्यमा लगनशिल भई कृषि कर्म गर्दै आइरहेका कृषकहरुलाई कृषि अवलोकन भ्रमणका लागी रु. **५ लाख** विनियोजन गरेको छु ।

- नगरपालिका भित्र कृषि पेशा गरिरहेका कृषकहरुको पहिचानका लागी किसान परिचय पत्र मार्फत राज्यबाट प्रदान गरिने सेवा सुविधा पारदर्शी र भरपर्दो बनाउन किसान सुचिकरण कार्यक्रमलाइ प्रभावकारी बनाई निरन्तरताका लागी आवस्यक व्यवस्था मिलाएको छु ।

- किसानको क्षमता अभिबृद्धि गर्न नगर नमुना गाँउ कृषि विकास कार्यक्रमका लागी **१४ लाख** रुपैया र अन्य कृषि प्रविधि तालिमहरुको लागी रु. **२ लाख** विनियोजन गरेको छु ।

- वागवानी विकास कार्यक्रम अन्तरगत मौषमी तथा बेमौषमी तरकारी/फलफुल बगैचा विस्तारका लागी कृषकहरुलाइ सहुलियतमा गुणस्तरिय बिउ तथा बेर्ना उपलब्ध गराउन साझेदारीको लागी रु. **६ लाख** विनियोजन गरेको छु ।

- स्वस्थ माटो स्वस्थ उत्पादन व्यवस्थापनका लागी ,माटोको उर्वरा शक्ति कायम राख्न ,माटो परिक्षण ल्याब सेवा, कम्पोष्ट मल, जैविक मल झोल मल तथा ढैचाको प्रयोगमा कृषकको पहुँच बृद्धि गर्न यस सम्बन्धी कार्यक्रम संचालन गर्दा माटोको स्वास्थ्य लाई ध्यान दिदै दिगो उत्पादन र उत्पादकत्व बृद्धि सुनिश्चता गर्नको लागी रु. **३ लाख** विनियोजन गरेको छु ।

- आकास्मिक वाली संरक्षण प्रयोगशाला सेवा,प्लान्ट क्लिनिक सेवा,आई.पि.एम पाठशाला कार्यक्रम मार्फत,रासायनिक विषादीको बैकल्पिक प्रयोग तथा मानव स्वास्थ सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालनका लागी रु. **३ लाख** वजेट विनियोजन गरेको छु ।

- जग्गा खन्डिकरण रोक्न र लागत कम गर्न सामुहिक चक्लाबन्दी खेति कार्यक्रम संचालनका लागी सम्भावता अध्ययन गरि सरोकारवाला निकाय संग सहकार्य तथा समन्वयको व्यवस्था मिलाएको छु ।

- कृषिको आधुनिकिकरण,व्यवसायिकरण तथा लागत न्युनिकरण गर्न साना कृषि औजार उपकरण तथा सिंचाईका लागी रु. **१५ लाख** विनियोजन गरेको छु ।

- कृषि क्षेत्रमा हुने हानी नोक्सानीबाट लागत सुरक्षण गर्नका लागी बाली बिमा जस्ता कार्यक्रममा कृषकको पहुचमा बृद्धि गर्नको लागी रु. **२ लाख** विनियोजन गरेको छु ।

- कृषिको बिकास तथा उत्पादन प्रर्वद्धन गर्न कृषि हाट बजार ,संकलन केन्द्र ,कोल्ड स्टोर, कृषि वस्तु ढुवानी लागी कृषि वस्तु ढुवानी एम्बुलेन्स सेवामा कृषकको पहुच बृद्धि सम्बन्धि कार्यक्रम ल्याई बजारिकरणमा जोड दिइनेछ र यसका लागी रु. **२० लाख** विनियोजन गरेको छु ।

- उच्च मुल्यका कृषिजन्य बालिहरुको पहिचान र विकास गर्न सम्भाव्यता अध्ययन गरि बालि विकास तथा प्रचार प्रसार कार्यक्रम संचालन गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

- बसन्ते मकै,दलहन तथा तेलहन बालि प्रवर्धन तथा विस्तारका लागी आवश्यक कार्यक्रम संचालन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- कृषि जन्य वस्तुहरुको उत्पादनोपरान्त क्षति न्युनिकरण गर्न किसानहरुलाई पोष्टहार्भेष्ट सम्बन्धि प्रशोधन तथा बजारीकरणमा तालिमको लागी रु. **१ लाख** र वडा स्तरिय कृषक समन्वय समिति गठन तथा बैठक संचालनका लागी रु. **१ लाख** बजेट विनियोजन गरेको छु ।

माथि उल्लेखित कार्यक्रमका अतिरिक्त आगामी आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा कृषि विकास शाखालाई रु १ करोड बजेट बिनियोजन गरेको छु ।

**महिला, बालबालिका, जेष्ठ नागरिक तथा लक्षित बर्गः**

महिला बालबालिका, जेष्ठ नागरिक तथा लक्षित वर्ग तर्फ देहाय अनुसारका मुख्य कृयाकलापहरु समेटिने गरी बजेटको ब्यवस्था गरेको छु ।

- बेरोजगारीको अवस्थामा रहेका महिलाहरुलाई सिपमुलक एवम आयमुलक तालिम को माध्यमबाट घरेलु तथा कुटिर उद्योगधन्दामा संलग्न हुने अवसर प्रदान गरी उद्यमशिलता विकाश , आत्मनिर्भर र सक्षम हुन आवश्यक बजेटको ब्यवस्था गरेको छु ।
- दिगो विकाशका लागी समान अवसर र नेतृत्वदायी भुमिका स्थापित गर्दै स्रोत, साधन,अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्न नगरका अन्य विषयगत शाखाहरु संग समन्वय र सहकार्य मार्फत लक्षित कार्यक्रम थप प्रभावकारी ढंगबाट सञ्चालन गर्न बजेटको ब्यवस्था गरेको छु ।
- बालबालिका तथा किशोर किशोरीहरुलाइ सबै प्रकारको हिंसा दुर्ब्यवहार र शोषणबाट मुक्त गराउदै उनिहरुको हक अधिकार प्रयोग गर्न योग्य र सक्षम नागरिकको रुपमा विकाश गर्न सोहि अनुसारका कार्यक्रम सञ्चालन गर्न बजेट ब्यवस्था गरेको छु ।
- जेष्ठ नागरिकमा रहेका ज्ञान सिप, सिर्जना, संस्कार र अनुभव नगर क्षेत्रको विकाशमा प्रयोग गर्न ज्येठ नागरिक लक्षित कार्यक्रमलाइ थप प्रभावकारी बनाउन बजेटको ब्यवस्था गरेको छु ।
- अपाङ्गता भएका ब्यक्तिहरुलाई उनिहरुको रुची र चाहना अनुसारको सीप तथा व्यवशायिकता विकास तालिमका लागि आवश्यक बजेटको बिनियोजन गरेको छु ।
- महिला हिंसा, मानव बेचविखन तथा ओसारपोसारको जोखिम कम गर्न चेतनामुलक कार्यक्रम संचालन गर्न र लैङ्गिक विभेद तथा सबै प्रकारका कुरीति र कुसंस्कारका अन्त्यका लागी विभिन्न अभियानमूलक कार्यक्रम संचालन गर्न बजेट बिनियोजन गरेको छु ।
- अपाङ्ग, असाहय, **वृद्ध** बुवाआमाहरुलाई सहयोग तथा सम्मान कार्यक्रम गर्न अपाङ्ग र अशक्तहरुका निमित्त घरदैलोमा पुगि सेवा प्रवाहको प्रबन्ध मिलाईएको छ ।

- लक्षित बर्गका सम्पुरण क्षेत्रका लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

माथि उल्लेखित कार्यक्रमका अतिरिक्त आगामी आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा महिला बालबालिका तथा जेष्ठनागरिक उप शाखा लाई रु ७० लाख बजेट बिनियोजन गरेको छु ।

## न्यायिक समिति

न्यायिक समिति तर्फ देहाय अनुसारका मुख्य कृयाकलापहरु समेटिने गरी बजेटको ब्यवस्था गरेको छु ।

- घरेलु हिंसामा परेका महिलाहरुको संरक्षणका लागी नगर सेवा केन्द्र स्थापना गरी संचालन गर्न आवश्यक बजेटको ब्यवस्था मिलाएको छु ।
- सबै वडाहरुमा रहेका मेलमिलापकर्ताहरुको कार्यलाई प्रभावकारी बनाउन मेलमिलाप केन्द्रको व्यवस्थापन गर्न बजेट बिनियोजन गरेको छु ।
- महिलाहरुका र मेलमिलाप सहजकर्ताहरुका लागि विभिन्न नेतृत्व विकास तालिम पुनर्ताजगी तालिम संचालन गर्न बजेटको ब्यवस्था गरेको छु।
- हिसां पिडित महिलाहरुलाई कानुनी सहायताका लागी सहयोग गर्न बजेटको विनियोजन गरेको छु ।

माथि उल्लेखित कार्यक्रमका अतिरिक्त आगामी आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा न्यायिक समिति लाई रु ३० लाख बजेट बिनियोजन गरेको छु ।

## घरेलु उद्योग तथा सहकारी विकास

आर्थिक बिकाश शाखा तर्फ देहाय अनुसारका मुख्य कृयाकलापहरु समेटिने गरी बजेटको ब्यवस्था गरेको छु ।

- सबै सहरकारी लाई चुस्त दुरुस्त बनाउन सहकारी तथा गरिबी सम्बन्धी ब्यवस्थापन सूचना प्रणाली — कोपोमिस (COPOMIS ) मा आबद्ध गरी यस मधुवन नगरपालिका भित्रका सहकारी संस्थाहरुका आर्थिक तथा वित्तिय क्रियाकलापहरुलाई थप व्यवस्थित गरिनेछ । साथै सहकारी संस्थाका

कर्मचारीलाई कोपोमिस (COPOMIS) तालिम तथा अन्य तालिमको व्यवस्थाका लागि आवश्यक बजेटको बिनियोजन गरिएको छ ।

- सहकारी संस्थाको नियमन र निरिक्षण,अनुगमनको आवस्यक प्रबन्ध मिलाइएको छ ।
- गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम द्धारा सिर्जना गरिएका लघु उद्यमीकहरुको व्यवसाय विस्तार (उद्यमशिलता तालिम, सिप मुलक तालिम, प्रविधी सहयोग तथा बजारिकरण ) लागी आवश्यकबजेटको व्यवस्था गरिएको छ।

माथि उल्लेखित कार्यक्रमका अतिरिक्त आगामी आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा आर्थिक विकास शाखा लाई रु १० लाख बजेट बिनियोजन गरेको छु ।

१५-खानेपानी तथा सरसफाई, रोजगार सेवा, सामाजिक सूरक्षा तथा व्यक्तिगत घटना दर्ता, जनशक्ति तथा क्षमता विकास, सार्वजनिक सेवा प्रवाह ,वातावरणतथा विपद् व्यवस्थापन लगायतका क्षेत्रमा आवश्यक्ता अनुसार बजेटको ब्यवस्था गरिएको छ।

अन्त्यमा नगरको विकासको लागि संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान, मार्गदर्शन र सुझाव प्रति आभार व्यक्तगर्दछु । साथै नगरको विकास र सम्वृद्धिमा निरन्तर सहयोग र बजेट निर्माण तर्जुमा गर्ने क्रममा साथ सहयोग र सहकार्यका साथै सकारात्मक सुझाव प्रदान गर्नु हुने जनप्रतिनिधीहरु, राजनैतिकदलका मित्रहरु , आम नागरिक, शिक्षकगुरुवर्ग, समाजसेवी, पत्रकार, युवा वर्ग, महिला अधिकारकर्मी,करदाता, सरकारी, गैरसरकारी, सामुदायिक संस्थाहरु तथा राष्ट्रसेवक कर्मचारी प्रति हार्दिक आभार व्यक्त गर्दैनीति,कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनका लागि सहयोगको अपेक्षा गरेकी छु ।

धन्यवाद ।

# अनुसूची १

## मधुवन नगरपालिका बर्दियाको आ.व ०७९।०८० को कुल प्रस्तावित बजेट

| क.स | आम्दानी विवरण (श्रोत) | रकम | क.स | खर्चको विवरण(विषयगत क्षेत्र) | बजेट सिमा |
|---|---|---|---|---|---|
| १ | संघिय समानिकरण अनुदान | १५४६००००० | १ | चालु खर्च | १०००००००० |
| २ | संघिय राजश्व बाडफाड | ११८१२७००० | २ | पूजिगत खर्च | २५१२०३००० |
| ३ | संघिय सशर्त अनुदान | २५०४००००० | ३ | संघिय शसर्त अनुदान तर्फका कार्यक्रमहरू | २५०४००००० |
| ४ | संघिय विशेष अनुदान | ५०००००० | ४ | संघिय विशेष अनुदान तर्फका आयोजना | ५०००००० |
| ५ | संघिय समपुरक अनुदान | १००००००० | ५ | संघिय समपुरक अनुदान तर्फका आयोजना | १००००००० |
| ६ | प्रदेश समानिकरण अनुदान | ८६७७००० | ६ | प्रदेश शसर्त अनुदान तर्फका आयोजना | १२५००००० |
| ७ | प्रदेश राजश्व बाडफाड | ९३४९००० | ७ | प्रदेश विशेष अनुदानतर्फका आयोजना | ७०००००० |
| ८ | प्रदेश सशर्त अनुदान | १२५००००० | ८ | प्रदेश समपुरक अनुदानतर्फका आयोजना | २००००००० |
| ९ | प्रदेश विशेष अनुदान | ७०००००० | ९ | सामाजिक सुरक्षा कार्यक्रम | २५००००००० |
| १० | प्रदेश समपुरक अनुदान | २००००००० | १० | सडक बोर्डतर्फका आयोजना | ३५००००० |
| ११ | सामाजिक सुरक्षा कार्यक्रम | २५००००००० | ११ | पी.एल.जी.एस.पी | ४५०००० |
| १२ | सडक बोर्ड | ३५००००० | १२ | अस्पताल निर्माण आयोजना | ५६८७५००० |
| १३ | पी.एल.जी.एस.पी | ४५०००० | १३ | निर्माणाधिन आयोजनाहरू (दायित्व) | ९००००००० |
| १४ | अस्पताल निर्माण | ५६८७५००० | | | |
| १५ | आन्तरीक आय | ६०४५०००० | | | |
| १६ | अनुमानित अ.ल्या रकम | ९००००००० | | | |
| | जम्मा | १०५६९२८००० | | जम्मा | १०५६९२८००० |

## आय बिबरण

| सि.नं. | आम्दानी शिर्षक | आम्दानी शिर्षक नं. | आ.ब. ०७७।०७८ को यथार्थ आम्दानी | चालु आ.ब. ०७८।०७९ को संसोधित अनुमान | आगामी आ.ब. ०७९।०८० को प्रस्तावित अनुमान | आगामी आ.ब. ०८०।०८१ को प्रक्षेपण | आगामी आ.ब. ०८१।०८२ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| १ | सम्पत्ति कर | ११३१३ | ९७८८४७९ | १००००००० | १००००००० | ११०००००० | १२०००००० |
| २ | भुमी कर मालपोत | ११३१४ | १२६७१३ | ५००००० | ३००००० | ३००००० | ३००००० |
| ३ | घरजग्गा रजि. दस्तुर | ११३१५ | १४७५२५०६ | १८०००००० | १५०००००० | १५०००००० | १५०००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | घरबहाल कर | ११३२१ | ३५७९५५।७ | ५००००० | ५००००० | ५००००० | ५००००० |
| ५ | बहाल विटौरी कर | ११३२२ | ८२२०५८ | १५००००० | १५००००० | १५००००० | १५००००० |
| ६ | सवारी साधन कर ( साना सवारी) | ११४५१ | ० | ० | ० | ० | ० |
| ७ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ११४५२ | ० | ० | ० | ० | ० |
| ८ | बाडफाडबाट प्राप्त हुने वन रोयल्टी | ११४५३ | ९९०८७२।३६ | १०००००० | ० | ० | ० |
| ९ | बाडफाडबाट प्राप्त हुने दशत्तरबहत्तरको विक्रीबाट प्राप्त आय | १४१५७ | १३४२५१३२ | ९५४०००० | २०००००० | २०००००० | २०००००० |
| १० | बाडफाडबाट प्राप्त हुने सवारीसाधन कर | ११४५६ | ० | ० | ० | ० | ० |
| ११ | बाडफाडबाट प्राप्त हुने मनोरन्जन कर | ११४७१ | ० | ० | ० | ० | ० |
| १२ | बाडफाडबाट प्राप्त हुने विज्ञापनकर | ११४७२ | ० | ० | ० | ० | ० |
| १३ | व्यवसायले भुक्तानी गर्ने | ११६११ | २२६९०० | ५००००० | ५००००० | ५००००० | ५००००० |
| १४ | जडीबुडी,कवाडी र जीवजन्तु कर | ११६३२ | ० | ० | ० | ० | ० |
| १५ | अन्य कर | ११६९१ | २९९५ | १००००० | ७००००० | ७००००० | ७००००० |
| १६ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १४१५१ | १२७१२० | १०००००० | १००००० | १००००० | १००००० |
| १७ | क्यासिनोबाट प्राप्त रोयल्टी | १४१५२ | ० | ० | ० | ० | ० |
| १८ | पर्यटन शुल्क | १४१९१ | ० | ० | ० | ० | ० |
| १९ | सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त आय | १४२१२ | ० | ० | ० | ० | ० |
| २० | अन्य विक्रीबाट प्राप्त रकम | १४२१३ | ३९०१५ | १००००० | ० | ० | ० |
| २१ | अन्य सेवा शुल्क तथा विक्री | १४२१९ | ३७४९१० | ५००००० | ० | ० | ० |
| २२ | न्यायीक दस्तुर | १४२२१ | ० | ० | ० | ० | ० |
| २३ | शिक्षा क्षेत्रको आम्दानी | १४२२३ | ५२५९६९६ | ६०००००० | ६०००००० | ६०००००० | ६०००००० |
| २४ | परिक्षा शुल्क | १४२२४ | २३८८३५ | २००००० | ५०००० | ५०००० | ५०००० |
| २५ | अन्य प्रशासनीक शुल्क | १४२२९ | ० | ० | ० | ० | ० |
| २६ | पार्किङ शुल्क | १४२४१ | ० | ० | ० | ० | ० |
| २७ | नक्शा पास दस्तुर | १४२४२ | ७५३५५५ | १०००००० | २००००० | २००००० | २००००० |
| २८ | सिफारीस दस्तुर | १४२४३ | २७४५०६५ | ४०००००० | ४०००००० | ४०००००० | ४०००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २९ | व्यक्तिगत घटनादर्ता दस्तुर | १४२४४ | ५९८३८५ | ५००००० | ० | ० | ० |
| ३० | नाता प्रमाणित दस्तुर, अन्य प्रमाणित दस्तुर | १४२४५ | ० | ८८२९३२ | १०००००० | १०००००० | १०००००० |
| ३१ | अन्य दस्तुर | १४२४९ | ३८७२१३ | ५००००० | ५००००० | ५००००० | ५००००० |
| ३२ | व्यवसाय रजि. दस्तुर | १४२५३ | ० | ० | ० | ० | ० |
| ३३ | रेडियो एफ.एम संचालन दस्तुर | १४२५४ | ० | ० | ० | ० | ० |
| ३४ | अन्य क्षेत्रको आय | १४२६५ | ० | ० | ० | ० | ० |
| ३५ | न्यायीक दण्ड जरिवाना र जफत | १४३११ | १२८२८५ | २००००० | १००००० | १००००० | १००००० |
| ३६ | प्रशासनीक दण्ड जरिवाना र जफत | १४३१२ | ० | ० | ० | ० | ० |
| ३७ | धरौटी सदर स्याहा | १४३१३ | ० | ० | ० | ० | ० |
| ३८ | अन्य राजश्व | १४५२९ | २०० | ३००००० | ० | ० | ० |
| ३९ | व्यवसाय कर | १४६११ | ० | ० | ० | ० | ० |
| ४० | बेरूजु | १५१११ | ६८८८५ | ५००००० | ० | ० | ० |
| ४१ | गतबर्षको नगद मौज्दात | ३२१२१ | ११८४०९४५२ | १०८८५५०३८ | ९०००००० | ९०००००० | ९०००००० |
| ४२ | जम्मा | | १६९६२४२२७ | १६६१७७९७० | १५०४५०००० | १५१४५०००० | १५२४५०००० |
| ४३ | समानिकरण अनुदान ( संघ) | १३३११ | १३८९००००० | १४६९००००० | १५४६००००० | १५४६००००० | १५४६००००० |
| ४४ | शशर्त अनुदान (संघ) | १३३१२ | ३००१४४८८० | २८५६१४७५० | २५०४००००० | २५०४००००० | २५०४००००० |
| ४५ | विशेष अनुदान (संघ) | १३३१५ | ० | १४२०००००० | ५०००००० | ५०००००० | ५०००००० |
| ४६ | समपुरक अनुदान (संघ) | १३३१७ | ७७९५९९ | १४३०००००० | १०००००० | १०००००० | १०००००० |
| ४७ | समानिकरण अनुदान ( प्रदेश) | १३३११ | ५६७९००० | ६९७२००० | ८६७७००० | ८६७७००० | ८६७७००० |
| ४८ | विशेष अनुदान (पदेश) | १३३१५ | ७०००००० | ७०००००० | ७०००००० | ७०००००० | ७०००००० |
| ४९ | शशर्त अनुदान (प्रदेश) | १३३१३ | १७८५०००० | ११५४४००० | १२५००००० | १२५००००० | १२५००००० |
| ५० | समपुरक अनुदान (प्रदेश) | १३३१७ | २०२४९००० | २००००००० | २००००००० | २००००००० | २००००००० |
| ५१ | राजस्व बाडफाड (संघ) | ११४११ | ९०८१४४३७७ | ९७५१४००० | ११८१२७००० | ११८१२७००० | ११८१२७००० |
| ५२ | राजस्व बाडफाड ( प्रदेश) | ११४५६ | ७५८१९९०१९२ | ८८०००३ | ९३४९००० | ९३४९००० | ९३४९००० |
| ५३ | सडक बोर्ड नेपाल | | २५००००० | ३५००००० | ३५००००० | ३५००००० | ३५००००० |
| ५४ | पी.एल.जी.एस.पी | | ३६०००० | ३८५००० | ४५०००० | ४५०००० | ४५०००० |
| ५५ | स्था. पु. वि. साझेदारी कार्यक्रम | | ७९२८००० | ० | ० | ० | ० |
| ५६ | सामाजिक सरक्षा कार्यक्रम | | १२९३०४८०० | १८००००००० | २५००००००० | २५००००००० | २५००००००० |
| ५७ | कोविड क्वारेन्टाइनस्थल निर्माण अनुदान | | १०००००० | ० | ० | ० | ० |
| ५८ | सानोश्री अस्पताल निर्माण अनुदान | | ८५००००० | १५०००००० | ५६८७५००० | ५६८७५००० | ५६८७५००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | | ९१७२१५९३५ | ९७७९०७७२३ | १०५६९२८००० | १०५७९२८००० | १०५८९२८००० |

ब्यय बिबरण

| सि.नं. | खर्च शिर्षक | खर्च शिर्षक नं. | आ.ब. ०७७।०७८ को यथार्थ आम्दानी | चालु आ.ब. ०७८।०७९ को संसोधित अनुमान | आगामी आ.ब. ०७९।०८० को प्रस्तावित अनुमान | आगामी आ.ब. ०८०।०८१ को प्रक्षेपण | आगामी आ.ब. ०८१।०८२ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमीक कर्मचारी ( चालु) | २११११ | २१८८०६८२ | २६०००००० | २७०००००० | २८०००००० | २९०००००० |
| २ | पारिश्रमीक कर्मचारी ( शर्शर्त) | २११११ | १३५३७७६७७ | १८००००००० | २१०००००००० | २१०००००००० | २१०००००००० |
| ३ | पोशाक | २११२१ | १९८८५२२ | १०००००० | १०००००० | १०००००० | १०००००० |
| ४ | औषधि उपचार खर्च | २११२३ | १९५०० | ५०००००० | ५००००० | ५००००० | ५००००० |
| ५ | महङगी भत्ता | २११३२ | ६८६००० | १०००००० | १०००००० | १०००००० | १०००००० |
| ६ | कर्मचारीको बैठक भत्ता | २११३४ | ४७४०० | १४१५५१० | १०००००० | १०००००० | १०००००० |
| ७ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | १३८२००० | ४०००००० | ४५००००० | ४५००००० | ४५००००० |
| ८ | अन्य भत्ता | २११३९ | ३६३५०० | ५००००० | ५००००० | ५००००० | ५००००० |
| ९ | पदाधिकारी बैठक भत्ता | २११४१ | ५८५००० | ८००००० | ८००००० | ८००००० | ८००००० |
| १० | पदाधिकारी अन्य सुविधा | २१११२ | ९६६४००० | ११०००००० | ११५००००० | ११५००००० | ११५००००० |
| ११ | योगदानमाआधारीत निवृतिभरण तथाउपादानकोष खर्च | २१२१२ | ० | ५००००० | ५००००० | ५००००० | ५००००० |
| १२ | कर्मचारी कल्याणकोष | २१२१४ | १९९८८६ | २५००००० | ३५००००० | ३५००००० | ३५००००० |
| १३ | अन्य सामाजिक सुरक्षाकोष खर्च | २१२१९ | ० | १००००० | १००००० | १००००० | १००००० |
| १४ | पानी तथा विजुली | २२१११ | २५६६९८ | ६००००० | १०००००० | १०००००० | १०००००० |
| १५ | संचार महसुल | २२११२ | ४६६३४९ | ८००००० | १०००००० | १०००००० | १०००००० |
| १६ | इन्धन पदाधिकारी | २२२११ | ८४८६२३ | ० | ० | ० | ० |
| १७ | इन्धन कार्यालय प्रयोजन | २२२१२ | १४२४१२१ | २०००००० | २०००००० | २०००००० | २०००००० |
| १८ | सवारी साधन मर्मत खर्च | २२२१३ | ६०७३९१ | १५००००० | १५००००० | १५००००० | १५००००० |
| १९ | विमा तथा नविकरण खर्च | २२२१४ | २६२३१२ | ५००००० | ७००००० | ७००००० | ७००००० |
| २० | मेशिनरी तथा औजार मर्मत सम्भार | २२२२१ | ३६०६८८ | ५००००० | ५००००० | ५००००० | ५००००० |
| २१ | सार्वजनिक सम्पत्तिकोमर्मत सम्भार | २२२३१ | ४१३३६४ | २५०००० | ३००००० | ३००००० | ३००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २२२९१ | ० | १००००० | १००००० | १००००० | १००००० |
| २३ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | ३६७२७५७ | २५००००० | २५००००० | २५००००० | २५००००० |
| २४ | पशुपन्छीहरूको आहारा | २२३१२ | ५१३००० | २००००० | २००००० | २००००० | २००००० |
| २५ | पुस्तक तथा सामाग्री खर्च | २२३१३ | ० | ० | ० | ० | ० |
| २६ | इन्धन अन्य प्रयोजन | २२३१४ | १००००० | ५००००० | ५००००० | ५००००० | ५००००० |
| २७ | पत्रपत्रीका,छपाइ तथा सूचना प्रकाशन | २२३१५ | १८५९०३० | २५००००० | २०००००० | २०००००० | २०००००० |
| २८ | अन्य कार्यालय संचालन खर्च | २२३१९ | ५९१०८२ | ३३००००० | ३५००००० | ३५००००० | ३५००००० |
| २९ | सेवा र परामर्श खर्च | २२४११ | १३७३८७८ | ३०००००० | २०००००० | २०००००० | २०००००० |
| ३० | सूचना प्रणााली र सफ्टवेयर संचालन खर्च | २२४१२ | ८८५३७८ | १५००००० | १५००००० | १५००००० | १५००००० |
| ३१ | करार सेवा शुल्क | २२४१३ | ८९८७०३७ | ११५००००० | १५०००००० | १५०००००० | १५०००००० |
| ३२ | सरसफाइ सेवा शुल्क | २२४१४ | २९६००० | ५००००० | ५००००० | ५००००० | ५००००० |
| ३३ | अन्य सेवा शुल्क | २२४१९ | ५३२००० | ५००००० | ५००००० | ५००००० | ५००००० |
| ३४ | कर्मचारी तालिम खर्च | २२५११ | २६२७३२ | ५००००० | १०००००० | १०००००० | १०००००० |
| ३५ | सीपविकास, जनचेतना तालिम तथा गोष्ठी सम्बन्धि खर्च | २२५१२ | ३७१२३५९ | २७५०००० | १०००००० | १०००००० | १०००००० |
| ३६ | कार्यक्रम खर्च | २२५२२ | १४७३६५३४ | ५००००० | ५००००० | ५००००० | ५००००० |
| ३७ | विविध कार्यक्रम खर्च | २२५२९ | ३२३१४०९ | ५००००० | ५००००० | ५००००० | ५००००० |
| ३८ | अनुगमन मुल्यांकन खर्च | २२६११ | ५३७६०० | ५००००० | ८००००० | ८००००० | ८००००० |
| ३९ | भ्रमण खर्च | २२६१२ | १२६७३२५ | १५००००० | २०००००० | २०००००० | २०००००० |
| ४० | विविध खर्च | २२७११ | ३२३८१९९ | १६००००० | २०००००० | २०००००० | २०००००० |
| ४१ | सभा संचालन खर्च | २२७२१ | ४९९७३७ | ५००००० | ७००००० | ७००००० | ७००००० |
| ४२ | शैक्षिक संस्थाहरूलाइ सहायता | २५३११ | ६६४६५५७५ | ९००००० | ७००००० | ७००००० | ७००००० |
| ४३ | स्वास्थ्य संस्थाहरूलाइ सहायता | २५३१२ | ३८४४८० | ५००००० | ५००००० | ५००००० | ५००००० |
| ४४ | धार्मीक तथा सांस्कृतिक संस्था सहायता | २५३१४ | ० | २००००० | २००००० | २००००० | २००००० |
| ४५ | अन्य सहायता | २५३१५ | ० | ० | ० | ० | ० |
| ४६ | सरकारी निकाय समिति एवं बोर्डहरूलाइ नि:शर्त चालु अनुदान | २६४११ | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४७ | सरकारी निकाय समिति एवं बोर्डहरूलाइ स:शर्त चालु अनुदान | २६४१२ | ० | ० | ० | ० | ० |
| ४८ | सामाजिक सुरक्षा | २७१११ | ११८४९५२०० | १८००००००० | २५००००००० | २५००००००० | २५००००००० |
| ४९ | अन्य सामाजिक सुरक्षा | २७११२ | ३३१८९८ | ५००००० | ५००००० | ५००००० | ५००००० |
| ५० | छात्रवृत्ति | २७२११ | ४२३४२६० | २००००० | २००००० | २००००० | २००००० |
| ५१ | उद्धार, राहत तथा पुनस्थापना खर्च | २७२१२ | २६१६६९० | २०००००० | १०००००० | १०००००० | १०००००० |
| ५२ | औषधि खरिद | २७२१३ | २४०८९०६ | २५००००० | ० | ० | ० |
| ५३ | अन्य सामाजिक सहायता | २७२१९ | ३१४२४१२ | १५००००० | ० | ० | ० |
| ५४ | घर भाडा | २८१४२ | ६४३६०० | ५००००० | ७००००० | ७००००० | ७००००० |
| ५५ | सवारी साधन तथा मेशिनरी औजार भाडा | २८१४३ | ४४१५०० | ५००००० | ५००००० | ५००००० | ५००००० |
| ५६ | राजस्व फिर्ता | २८२११ | ६४६८४४३ | ९०००००० | ० | ० | ० |
| ५७ | अन्य फिर्ता | २८२१९ | ० | ० | ० | ० | ० |
| ५८ | भैपरि आउने चालु खर्च | २८९११ | ० | ० | ० | ० | ० |
| | जम्मा | | ४२८७६२७३४ | ४७२७१५५१० | ५६००००००० | ५६१०००००० | ५६२०००००० |
| ६० | आवासीय भवन निर्माण / खरिद | ३११११ | ८९८६२२८ | ५०००००० | ५०००००० | ५०००००० | ५०००००० |
| ६१ | गैरआवासीय भवन निर्माण / खरिद | ३१११२ | २९००४७४९ | १०००००००० | १०००००००० | १०००००००० | १०००००००० |
| ६२ | निर्मित भवनहरूको संरचनात्मक सुधार खर्च | ३१११३ | ० | ५००००० | ५००००० | ५००००० | ५००००० |
| ६३ | सवारी साधन | ३११२१ | ९७९६०० | ५००००० | ५००००० | ५००००० | ५००००० |
| ६४ | मेशिनरी तथा औजार | ३११२२ | ३६००० | १०००००० | १०००००० | १०००००० | १०००००० |
| ६५ | फर्निचर तथा फीक्चर्स | ३११२३ | ७००६० | ५०००००० | ५०००००० | ५०००००० | ५०००००० |
| ६६ | पशुधन तथा बागबानी विकास खर्च | ३११३१ | २७८९६० | ३००००००० | २५०००००० | २५०००००० | २५०००००० |
| ६७ | सडक तथा पुल निर्माण | ३११५१ | ६८४०६६८८ | १५००००००० | १४४०९८००० | १४४०९८००० | १४४०९८००० |
| ६८ | विद्युतिय संरचना निर्माण | ३११५३ | ८०९४९४ | ५०००००० | ५०००००० | ५०००००० | ५०००००० |
| ६९ | तटवन्ध तथा बाध निर्माण | ३११५४ | ९०४४३१ | २५००००० | २५००००० | २५००००० | २५००००० |
| ७० | सिंचाइ संरचना निर्माण | ३११५५ | १८५२७३४ | ३०००००० | ३०००००० | ३०००००० | ३०००००० |
| ७१ | खानेपानी संरचना निर्माण | ३११५६ | ४६३१०४० | २०००००० | २०००००० | २०००००० | २०००००० |
| ७२ | वन तथा वातावरण संरक्षण | ३११५७ | १४८२६७३ | २०००००० | २०००००० | २०००००० | २०००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७३ | सरसफाइ संरचना निर्माण | ३११५८ | ९२५०० | १०००००० | ११८६००० | ११८६००० | ११८६००० |
| ७४ | अन्य सार्वजनिक निर्माण | ३११५९ | ५०८७१२६३ | १९३५९२२१३ | १९६०४४००० | १९६०४४००० | १९६०४४००० |
| ७५ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ३११६१ | ७९८८७५ | १०००००० | १०००००० | १०००००० | १०००००० |
| ७६ | पुजिगत सुधार खर्च सार्वजानिक निर्माण | ३११७१ | ४००००० | ५००००० | ५००००० | ५००००० | ५००००० |
| ७७ | भैपरि आउने पुजिगत खर्च | ३१५११ | ५६८२७ | ० | ० | ० | ० |
| ७८ | अन्य फिर्ता | २८२१९ | २५१०३७६० | ३५००००० | २६००००० | २६००००० | २६००००० |
| | जम्मा खर्च | | ६२३५२८६१६ | ९७८८०७७२३ | १०५६९२८००० | १०५७९२८००० | १०५८९२८००० |

## मधुवन नगरपालिका बर्दियाको आ.व.०७९।०८० को प्रस्तावित पुजिगत बजेट

| क्र.स | योजनाहरू | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| १ | नगर गौरव आयोजनाहरूको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने | | ४७०३००० |
| २ | समपुरक कोष | | ३५०००००० |
| ३ | वडास्तरीय योजनाहरू | | ७६५००००० |
| ४ | भौतिक पुर्वाधारतर्फ | | २००००००० |
| ५ | सामाजिक विकास तर्फ | | ७६०००००० |
| ६ | आर्थिक विकास तर्फ | | २३५००००० |
| ७ | वन,वातावरण तथा विपद व्यवसथापन | | १०००००० |
| ८ | संस्थागत क्षमता विकास | | ४०००००० |
| ९ | न्यायिक समिति तथा सामुदायिक मेलमिलाप | | १५००००० |
| | जम्मा | | २५१२०३००० |